बैठक नं. ५

आज मिति २०७४।०९।०४गते मंगलबार विहान ०८:०० बजे चन्द्रनगर गाँउपालिकाको कार्यालयमा यस गाँउपालिकाका अध्यक्ष श्री महेन्द्र महतोज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका गाँउ कार्यपालिका सदस्यहरुको उपस्थितिमा चन्द्रनगर गाँउ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

तपशिल

गा. पा. अध्यक्ष श्री महेन्द्र महतो

" उपाध्यक्ष श्री विणा देवी साह

वडा नं. १ अध्यक्ष श्री बच्चे राय

" २ अध्यक्ष श्री रामनारायण महतो केवट

" ३ अध्यक्ष श्री सीताराम महतो

" ४ अध्यक्ष श्री जगदीश प्र. साह तेली

" ५ अध्यक्ष श्री नन्दलाल राय

" ६ अध्यक्ष श्री रामचन्द्र शरण

" ७ अध्यक्ष श्री रामनारायण कु. दुसाध

गा. पा. वोर्डस्य श्री नथुनी कुर्मिया बीन

" " श्री मुस्लीम कुँजडा

" " श्री लिलिया देवी

" श्री सबिना बेगम -

" " श्री बिल्टुनिया देवी

" " श्री पति देवी मामी

प्र. प्र. अ. श्री देव प्र. महराई -

ना. सु. श्री कृष्ण प्र. आचार्य

प्र. लेखा श्री दीना दास

गाउँ कार्यपालिकाको बैठकका लागि प्रस्तावहरु :

प्रस्ताव नं. १.रकम भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. २.नियमावाली तथा कार्यविधि स्वीकृति सम्वन्धमा ।

प्रस्ताव नं. ३ विषयगत समिति गठन सम्वन्धमा ।

प्रस्ताव नं. ४ राजश्व परामर्श समितिका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ५ पोखरी ठेक्का लगाउने सम्वन्धमा ।

प्रस्ताव नं. ६ कार्यालय प्रमुख अवासमा ईन्टरनेट जडान सम्वन्धमा ।

प्रस्ताव नं. ७ प्रोत्साहन भत्ता सम्वन्धमा ।

प्रस्ताव नं. ८ गाउँ सभाको मिति तोक्ने सम्वन्धमा ।

प्रस्ताव नं. ९ सुचना प्रविधिसँग सम्वन्धीत जनशक्ति नियुक्ति गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १० प्राविधिक ( सव - ईन्जिनियर ) ज्यालादारीमा नियुक्ति गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ११ स्रोत अनुमान तथा वजेट सिमा निर्धाण समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १२ गाउँ सभाको लागी रकम विनियोजन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १३ विविध सम्वन्धमा ।

निर्णयहरु

**निर्णय नं.१** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०७४/६/३० गते वसेको गाउँ कार्यापालिकाको वैठकवाट यस गाउँपालिकाका १ देखी ७ नं. वडा सम्मका जिर्ण तथा भत्किएका सडकहरु मर्मत गर्ने प्रयोजनको लागी विनियोजित रु ३०००००० ( अक्षेरुपी तिस लाख मात्र ) मध्ये नियमअनुसार योजना सम्झौता भई उपभोक्ता समिति मार्फत सँचालन भएको माटो /ग्रेवल तथा सडक मर्मत कार्यको यस कार्यालयका प्राविधिकहरुवाट नापजाँच गरी पेश गरेको मूल्याँकन प्रतिवेदन अनुसार गाउँपालिकावाट विनियोजित रु ३०००००० ( अक्षेरुपी तिस लाख मात्र ) तथा उपभोक्ताको तर्फवाट जनश्रमदान वापत रु ३,००,००० ( अक्षेरुपी तिन लाख मात्र ) गरी जम्मा रु ३३,००,००० ( अक्षेरुपी तेतिस लाख मात्र ) वरावरको काम भएको देखिएको हुदा सो रकम भुक्तानी दिई उक्त योजनाको फरफारक गर्न चन्द्रनगर गाउँ कार्यापालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै सोही वैठकको निर्णय अनुसार यस गाउँपालिका अन्तरगत रहेको नाढीमन ( ताल) को जलकुम्भी साफा गर्ने प्रयोजनको लागी विनियोजीत रु ५,००,००० ( अक्षेरुपी पाँच लाख रुपैया मात्र ) वरावर काम भएको देखिएको हुदा ठेक्कदार दियालो पासवानलाई वाँकी रकम भुक्तानी दिई हिसाव फरफारक गर्नु चन्द्रनगर गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको नियमित कार्य सँचालनको लागी नेपालको सविधान २०७२ को धारा २१८ तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम तपसिल वमोजिम नियमावली तथा कार्यविधि स्विकृत गरी लागु गर्ने निर्णय गरियो ।

- चन्द्रनगर गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४
- चन्द्रनगर गाउँपालिका गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४
- चन्द्रनगर गाउँपालिका गाउँपालिकाको बैठक संचालन सम्वन्धी कार्यविधि,२०७४

**निर्णय नं.३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा भर्खरै यस कार्यपालिकाको बैठकबाट पारित गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ नियम १७ बमोजिम कार्यपालिकाको प्रवक्ताको रुपमा श्री नन्दलाल राय ( ५.नं. वडा अध्यक्ष ) नियम १५ बमोजिम देहायको ६ वटा समिति गठन गर्ने र नियम १५(२) बमोजिम गाउँपालिका अध्यक्षले उक्त समितिको संयोजक लाई तोक्ने र सदस्यहरु कार्यपालिकाले तोके बमोजिम रहने व्यवस्था रहेको हुँदा तपसिल वमोजिमको सदस्यहरु रहने गरी तपसिल वमोजिमका समितिहरु गठन गर्ने निर्णय गरियो ।

## तपसिल

(क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति :
संयोजक : श्री रामनारायण कुमर दनुवार ( ७ नं. वडा अध्यक्ष )
सदस्य : श्री नथुनी मुखिया ( सदस्य कार्यपालिका)
सदस्य : श्री जगदिश साह (४ नं. वडा अध्यक्ष )

(ख) आर्थिक विकास समिति :
संयोजक : श्री वच्चे राय ( १ नं. वडा अध्यक्ष )
सदस्य : श्री लिलिया देवी (सदस्य कार्यपालिका)
सदस्य : श्री मुस्लिम मन्सुर ( सदस्य कार्यपालिका)

(ग) सामाजिक विकास समिति :
संयोजक : श्री रामनारायण महतो ( २ नं. वडा अध्यक्ष )
सदस्य : श्री पति देवी माझी ( सदस्य कार्यपालिका)
सदस्य : श्री विल्टुनिया देवी चमार (सदस्य कार्यपालिका)

(घ) पूर्वाधार विकास समिति :
संयोजक : श्री सिता राम महतो ( ३ नं. वडा अध्यक्ष )
सदस्य : श्री नथुनी मुखिया (सदस्य कार्यपालिका)
सदस्य : श्री समिना वेगम ( सदस्य कार्यपालिका )

(ङ) वातावरण तथा विपद् व्यवस्थापन समिति :
संयोजक : श्री नन्दलाल राय ( ५ नं. वडा अध्यक्ष )
सदस्य : श्री लिलिया देवी (सदस्य कार्यपालिका)
सदस्य : श्री रामचन्द्र कापड (६ नं. वडा अध्यक्ष )

चन्द्रनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर, सर्लाही
२ नं. प्रदेश, नेपाल

(च) विधेयक समिति :
संयोजक : श्री जगदिश साह (४ नं. वडा अध्यक्ष )
सदस्य : श्री श्री रामचन्द्र कापड (६ नं. वडा अध्यक्ष )
सदस्य : श्री समिना वेगम (सदस्य कार्यपालिका)

**निर्णय नं.४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको राजश्व परामर्श समितिको हाल सम्मका वैठकको निर्णय अनुसार यस गाउँपालिका क्षेत्र भित्र लागुहुने गरी प्रस्ताव गरिएका करका दरहरु अनुमोदन गरी आसन्न गाउँ सभावाट स्किृतिका लागी पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा हाल सम्म यस चन्द्रनगर गाउँपालिका भित्र रहेका विभिन्न पोखरीहरु ठेक्का लागेके नदेखिएको हुदा चन्द्रनगर गाउँपालिकाको राजश्व परामर्श समितिको मिति २०७४/९/२ गतेको वैठकको निर्णयवाट प्रस्ताव गरिएको न्युनतम वोलकवोल अंक कायम गरी अविलम्व पोखरी ठेक्का लगाउनको लागी चन्द्रनगर गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको आसन्न गाउँ सभा तयारी तथा योजना छनौट गर्नको लागी कार्यालय समयका अतिरिक्त साँझ विहान समेत खटिनु पर्ने भएकाले यस गाउँ कार्यापालिकाके कार्यालय प्रमुखको निजि अवासमा रहि कार्यालय सम्वन्धी कामकाज गर्नका लागी निजको निजि अवास रहेको स्थान लालवन्दीमा ईन्टरनेट जडान गरी यस गाउँपालिका वाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको आसन्न गाउँ सभा तयारी ,वार्षिक योजना तर्जुमा तथा स्विकृत योजना कार्यान्वनको लागी हाल प्रयाप्त कर्मचारी उपलब्ध नभएको हुदा मौजुदा कर्मचारीहरु नै कार्यालय समय वाहेक अतरिक्त समय खटि आएको हुदा तपसिल बमोजिमका कर्मचारीहरुलाई मिति २०७४/७/१ गते देखि नै लागु हुने गरी सुरु तलव स्केलको मासिक तपसिल अनुसारको प्रोत्साहन भत्ता दिई काम काजमा खटाउने निर्णय गरियो ।

**तपसिल**

- प्रमुख प्रशासकिय अधिकृत ( १ जना ) ५० प्रतिशत
- ईन्जिनियर ( १ जना ) ५० प्रतिशत
- सव ईन्जिनियर ( १ जना ) ५० प्रतिशत
- नायव सुव्वा ( ३ जना ) - वडा सचिवको जिम्मेवारी पाएकोलाई मात्र ३० प्रतिशत
- योजना फाट ( १ जना ) ३० प्रतिशत
- लेखा प्रमुख ( १ जना ) ५० प्रतिशत
- कम्प्युटर सहायक ( १ जना ) ३० प्रतिशत
- कार्यालय सहायक ( १ जना ) - गाउँपालिकाको कार्यालयमा कार्यरतलाई मात्र ३० प्रतिशत
- कार्यालय सहयोगी ( ३ जना ) - गाउँपालिकाको कार्यालयमा कार्यरतलाई मात्र ३० प्रतिशत

नोट : - उपरोक्त वमोजिमका कर्मचारीहरुले कार्यालय समय वाहेक अतिरिक्त दैनिक ३( तिन ) घण्टा काम गरेको हुन पर्नेछ र प्रमाणित अतिरिक्त हाजिरिको अधारमा मात्र प्रोत्साहन भत्ता भुक्तानी दिइनेछ ।

**निर्णय नं.८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभाको अधिवेशन यहि मिति २०७४/०९/२७ गते गर्ने निर्णय गरियो ।

**निर्णय नं.९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय च.न. १२७ मिति २०७४/०७/१७ गतेको पत्रानुसार यस चन्द्रनगर गाउँपालिकामा समेत सुचना प्रविधिसँग सम्वन्धीत जनशक्ति ( सुचना प्रविधि अधिकृत नियुक्ति गर्नको लागी नियुक्ति प्रकृयाको मापदण्ड सहित तलव भत्ता समेत सुनिश्चित भई आएको हुदा सोहि मापदण्ड अपनाई अभिलम्ब नियुक्ति प्रकृया अघि बढाउन चन्द्रनगर गाउँ कार्यापालिकाको कार्यालय निर्देशित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०** प्रस्ताव नं. १० माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकामा हाल १ (एक ) जना मात्र प्राविधिक ( ईन्जिनियर ) रहेको तर यस गाउँपालिकाका क्षेत्र ठुलो रहेको हुदा वार्षिक योजना तर्जुमा तथा योजनाको गुणस्तरीय कार्यान्वयन गर्नको लागी कठिनाई देखा परेकोले नेपाल सरकार वा अन्य स्थानिय तहवाट कर्मचारी खटि नआए सम्मका लागी हाललाई १ ( एक ) जना सव - ईन्जिनियर करारमा नियुक्ति गरी काम काजमा लगाउने गरी चन्द्रनगर गाउँ कार्यापालिकाको कार्यालयको मिति २०७४/०९/०३ गतेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११** प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको मिति २०७४/८/६ गतेको बैठकको निर्णयवाट स्थानिय सरकार दाफा ६६ अनुसार गठित स्रोत अनुमान तथा वजेट सिमा निर्धाण समितिको मिति २०७४/८/२५ गतेको निर्णयवाट निर्धारित स्रोत अनुमान तथा वजेट सिमा र वजेट तथा कार्याकमको प्राथमिकीकरणको अधार सम्वन्धी मार्ग दर्शन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२** प्रस्ताव नं. १२ माथि छलफल गर्दा यहि मिति २०७४/९/२७ गते हुने प्रथम गाउँ सभाको लागी खाजा, झोला, भत्ता, अन्य सेवा अतिथि सत्कारको लागी रु ५,००,००० ( अक्षेरुपी पाँच लाख मात्र ) रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३** प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँ कार्यपालिकाको पाँचौ वैठक सौर्हादपूर्ण वातावरणमा सम्पन गरियो ।